ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

## सहकारी संस्थाका सदस्यहरूको आय तथा सीप अभिवृद्धि गर्न साझेदारी कार्यक्रममा सहभागी हुने बारे

## सहकारी संस्थाहरूलाई सूचना ।

मिति : २०८२/०९/२४
ने.सं. ११४६ पोहेलागा: पञ्चमी

प्रस्तुत विषयमा यस महानगरपालिकाको चालु आ.व. २०८२/०८३ मा सहकारी तर्फ सि.नं. ४ मा **सहकारी संस्थाका सदस्यहरूको आय तथा सीप अभिवृद्धि गर्न साझेदारी कार्यक्रम** संचालन गर्ने कार्यक्रम रहेकोले तपसिलका बमोजिमका आधारहरू पूरा गरेका इच्छुक सहकारी संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. ललितपुर महानगरपालिकाको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरूलाई मात्र यस कार्यक्रममा सहभागी गराइने छ ।
२. २०८१/०८२ सम्मको विवरण बुझाई अध्यावधिक भएको सहकारी संस्थाहरूलाई मात्र यस कार्यक्रममा सहभागी गराइने छ ।
३. सहभागी सहकारी संस्थाले ५०% रकम लगानी गर्नुपर्नेछ ।
४. कार्यक्रमको कुल लागतको ५०% वा रु. १,००,०००/- (एक लाख) मध्ये जुन कम हुन्छ, सोही रकमसम्म मात्र महानगरपालिकाले लागत व्यहोर्ने छ ।
५. सहकारी संस्थाले आफ्ना शेयर सदस्यहरूलाई मात्र सहभागी गराई कार्यक्रम संचालन गर्नु पर्नेछ ।
६. सहकारी संस्थाले कार्यक्रमको योजना सहितको प्रस्तावना पेश गर्नु पर्नेछ ।
७. प्राप्त भएका कार्ययोजना मूल्याङ्कन गरी कार्यक्रममा सहभागी गराइनेछ ।

(सहजित राई)
निर्देशक